## राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको
### घर बहालमा लिने बारेको सार्वजनिक सूचना
(प्रकाशित मिति २०७९।०९।२२ )

यस बैंकको तपसिलमा उल्लेखित शाखा कार्यालयहरु सञ्चालनका लागी घर बहालमा लिन आवश्यक भएको हुंदा मुख्य वजार क्षेत्रभित्र पानी, बत्ती बिजुली, टेलिफोन, पार्किङ्ग सुविधा, घरको भुईं तल्लामा ATM मेशिन जडान गर्ने सुविधा, जेनेरेटर, सौर्य उर्जा उपकरण राख्ने सुविधा लगायत सुरक्षा एवं बैकिङ्ग व्यवस्था संचालन गर्न उपयुक्त ब्यापारिक क्षेत्रमा कम्तीमा २ वटा टवाइलेट भएको सुविधा सम्पन्न पक्की घर भाडामा दिन इच्छुक घर धनीहरुले आफुले मासिक भाडामा दिन चाहेको रकम उल्लेख गरि घरको चार किल्ला प्रमाण पत्र, जग्गा धनीको प्रमाण पुर्जा, नेपाली नागरिकताको प्रतिलिपि, घरको नक्सा तथा बैंकले उपलब्ध गराएको बोलपत्र फारममा माग भए अनुसारको आवश्यक विवरण भरि यो सूचना प्रकाशित भएको मितिले १५ दिनको कार्यालय समय भित्र शिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**(क) घर बहालमा लिनका लागी बोलपत्र आह्वान गरिएको शाखा कार्यालयहरुको विवरणः**

| क्र.सं. | शाखा कार्यालयको नाम | ठेगाना | बोलपत्र प्राप्त गर्ने र बुझाउने कार्यालय | आवश्यक क्षेत्रफल |
|---|---|---|---|---|
| १ | सुकेधारा | काठमाण्डौं महानगरपालिका वडा नं. ४, सुकेधारा, काठमाण्डौं | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, वागमती प्रदेश कार्यालय, टेकु, काठमाण्डौं | २५००-३००० वर्ग फिट |
| २ | मंगलवजार | ललितपुर महानगरपालिका वडा नं. १६, मंगलवजार, ललितपुर | " | १५००-२००० वर्ग फिट |
| ३ | भरतपुर | भरतपुर महानगरपालिका वडा नं.१०, भरतपुर, चितवन | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, शाखा कार्यालय, भरतपुर | ४०००-४५०० वर्ग फिट |
| ४ | पांचखाल | पांचखाल नगरपालिका वडा नं.४, पांचखाल, काभ्रे | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, शाखा कार्यालय, धुलिखेल | २५००-३००० वर्ग फिट |
| ५ | विदुर | विदुर नगरपालिका स्थित विदुर लोकतान्त्रिक चोक चौतारा देखि काठमाण्डौं त्रिशुली जाने मुख्य सडक अन्तरगत वट्टार खोल्सी सम्म | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, शाखा कार्यालय, विदुर | २५००-३००० वर्ग फिट |

**(ख) सेवा / शर्त तथा विस्तृत जानकारी वाग्मती प्रदेश कार्यालय काठमाण्डौं, शाखा कार्यालय भरतपुर, धुलिखेल र विदुर एवं बैंकको website: www.rbb.com.np वाट लिन सकिनेछ ।**

शर्तहरुः

१) यस बैंकको सम्वन्धित शाखा कार्यालयको आम्दानी अन्य (९५०५०६२६०१) हिसाबमा उपरोक्तानुसारको बोलपत्र दस्तुर बापतको रकम रु. ५००/- (अक्षरुपी: पाँच सय मात्र) (पछि फिर्ता नहुने) जम्मा गरी सोको सक्कल अर्धकट्टी भौचर शाखामा पेश गरेपछि शाखा कार्यालयबाटै बोलपत्र फाराम प्राप्त हुनेछ ।

२) बोलपत्र दिंदा खाम बाहिर **'घर बहालमा दिने बारेको शिलबन्दि बोलपत्र'** भनि स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

३) बोलपत्र साथ संलग्न गरिने आब्श्यक कागजातहरुको प्रतिलिपिहरु नोटरी पब्लिक वा संस्थान वा बैंकको अधिकृत कर्मचारीबाट नाम, थर, दर्जा र कार्यालय समेत खुलाई प्रमाणित गराई संलग्न गर्नु पर्नेछ ।

४) बोलपत्र अंक र अक्षरमा स्पष्ट लेखिएको हुनुपर्नेछ । केरमेट भएको हुनु हुंदैन । कथम् कदाचित अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । कुनै शर्त राखिएको वा दररेट सम्बन्धि अधुरो रहेको बोलपत्र स्वतः रद्द हुनेछ।

५) प्राप्त हुन आएका बोलपत्रहरु सुचना प्रकाशित भएको मितिले १६ औं दिन, दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा उल्लेखित प्रदेश कार्यालय / शाखा कार्यालयमा खोलिने छ । तर प्रतिनिधिहरु अनुपस्थित भएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

६) बोलपत्र दर्ता गर्ने वा खोल्ने अन्तिम दिन बिदा परेमा सो को लगतै कार्यालय खुलेको दिन उपरोक्त बमोजिमको समयमा नै बोलपत्र दर्ता गर्ने वा खोल्ने कार्य हुनेछ ।

७) म्याद नाघी वा रित नपुगी दर्ता भएको बोलपत्र उपर केहि कारवाही हुनेछैन ।

८) घटी वा बढी बोलपत्र स्वीकृत गर्ने, अस्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने आदि सम्पुर्ण अधिकार यस बैंकमा नै सुरक्षित रहनेछ, सोको कारण प्रकाशमा ल्याइनेछैन । साथै बोलपत्र स्वीकृत गर्दा भुई तल्ला र पहिलो तल्ला भएको घरलाई प्राथमिकता दिइनेछ ।

९) बोलपत्र स्वीकृत भए पछि सम्बन्धित घरधनीले बैंकले चाहे अनुसारको आवश्यक संरचनाका कार्यहरु जस्तैः ढुकुटी कोठा, गार्ड कोठाको निर्माण, भुइमा टायल लगाउने र ग्रीलिङ गर्ने एवं घरको बीमा स्वयं गर्नुपर्नेछ । सो को लागि थप रकम उपलब्ध गराईने छैन ।

१०) घर बहालको अवधि १० बर्षको हुनेछ ।

११) घर बहाल भुक्तानी दिंदा नेपाल सरकारको नियमानुसार लाग्ने कर अग्रिम रुपमा कटाई बांकि रकम मात्र भुक्तानी हुनेछ ।

१२) घर धनीले करार अवधि भित्र बैंकलाई हटाउन चाहेमा बैंकले निजको घरमा फर्निसिङ्ग गरेको स्थिर सम्पतिको ह्रास कट्टी गरी बांकि रहेको रकम क्षतिपुर्ति स्वरुप घरधनीले बैंकलाई अनिवार्य रुपमा भुक्तानी गर्नु पर्नेछ ।

१३) अन्य शर्त बोलपत्र कागजातमा उल्लेख भए अनुसार नै हुनेछ । यस सम्बन्धमा कुनै कुरा बझ्न परेमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र सम्वन्धित कार्यालयमा सम्पर्क राखि बुझ्न सकिनेछ ।

१४) बैंकले घर छोड्न परेमा घरधनीलाई ३५ (पैंतिस) दिनको अग्रिम सूचना दिई बैंकले घर छोड्न सक्नेछ ।

**राष्ट्रिय वाणिज्य बैंक लि.**
बागमती प्रदेश कार्यालय
टेकु, काठमाण्डौं

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नो बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था